दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ९४ | बुटवल | २०८२ चैत २० गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday April 03, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## सरकारी विज्ञापनबारे सरकारको निर्णयको चौतर्फी विरोध र आपत्ति

बुटवल । सरकारले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र उपलब्ध गराउने गरी गरेको पछिल्लो निर्णयप्रति सञ्चार क्षेत्रबाट तत्कालै विरोध भएको छ । नेपाल पत्रकार महासंघले कडा आपत्ति जनाएको छ।

महासंघले यस निर्णयलाई निजी र स्वरोजगारमूलक सञ्चारमाध्यमलाई धराशायी बनाउने र नागरिकको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने संविधान विरोधी कदमका रूपमा व्याख्या गरेको छ।

यसबारे अध्यक्ष निर्मला शर्माको भनाई यस्तो छ -'मिडियाको आर्थिक संकटमाथि यो सरकारी प्रहार हो। पछिल्लो समय कोभिड-१९ र आर्थिक मन्दीका कारण निजी क्षेत्रका सञ्चारमाध्यम पहिले नै आर्थिक रूपमा जर्जर अवस्थामा छन् । राज्यले सहुलियत र प्रोत्साहन दिनुपर्ने समयमा उल्टै विज्ञापन रोक्ने निर्णय गर्दा साना लगानीका मिडिया, रेडियो र टेलिभिजनहरू पूर्णरूपमा बन्द हुने अवस्थामा पुग्छन् । विशेषगरी स्थानीय तहका विज्ञापनबाट सञ्चालित ग्रामीण क्षेत्रका रेडियोहरूको अस्तित्व नै संकटमा पर्छ। यो संघीयता र संविधानको उल्लंघन पनि हो । संविधानअनुसार स्थानीय र प्रदेश सरकारहरू स्वायत्त छन् ।

उनीहरूलाई आफ्नै नीतिअनुसार सञ्चारमाध्यमको व्यवस्थापन र सहकार्य गर्ने अधिकार छ। तर, संघीय सरकारको मन्त्रिपरिषद्ले केन्द्रबाटै तीनै तह (संघ, प्रदेश र स्थानीय) को विज्ञापन रोक्ने निर्णय गर्नुले संघीयताको मर्म र संविधानप्रदत्त अधिकारको ठाडो उल्लंघन हो । प्रेस स्वतन्त्रता र स्वनियन्त्रण को जोखिम पनि बढाएको छ । निजी सञ्चारमाध्यमले सरकारलाई प्रश्न गर्ने र सचेत गराउने भूमिका निर्वाह गर्छन् । विज्ञापन रोकेर आर्थिक नाकाबन्दी लगाउनुले मिडियामा 'सेल्फ सेन्सरसिप' बढ्ने र यसले लोकतन्त्रको चौथो अंगलाई कमजोर बनाउने देखिन्छ। सञ्चारमन्त्रीले सरोकारवालाहरूसँग छलफल गर्ने आश्वासन दिए पनि कुनै संवाद नगरी एकाएक यस्तो निर्णय ल्याइनुले सञ्चारकर्मी र लगानीकर्ताको मनोबल गिराएको छ। महासंघले अब आन्दोलनको तयारी गर्छ । जिल्ला-जिल्लाबाट सञ्चारकर्मीहरूले विरोध जनाइरहेका छन् । पत्रकार महासंघ यो निर्णय नसच्चिएसम्म देशव्यापी आन्दोलनमा उत्रन्छ । महासंघले चाँडै बैठक बसी आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्ने तयारी गरिरहेको छ।'

यस्तै सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष अर्जुन गिरीले सरकारको यो कदम 'पुरातन र संकुचित' सोचको उपज भएको र यसले लोकतन्त्र र संघीयताको आधारभूत मर्ममाथि नै प्रहार गरेको टिप्पणी गरेका छन्।

आधुनिक र लोकतान्त्रिक समाजमा सूचना तथा विज्ञापन प्रवाहलाई खुला र प्रतिस्पर्धी बनाउनुपर्नेमा सरकारले 'सिन्डिकेट' शैली अपनाएको गिरीले बताएका छन् ।

'हिजो लोकतन्त्र प्राप्तिका लागि पत्रपत्रिका, रेडियो र टेलिभिजनले खेलेको अहम् भूमिकालाई अवमूल्यन गर्दै सरकारले ल्याएको यो नीति प्रतिउत्पादक हुने देखिन्छ,सञ्चार क्षेत्र पहिले नै नाजुक अवस्थामा रहेका बेला राज्यले अभिभावकत्व ग्रहण गर्नुको साटो झन् अप्ठ्यारोमा पार्ने काम गरेको छ।

विशेषगरी स्थानीय तह र प्रदेशसँगको साझेदारीमा सञ्चालित सामुदायिक रेडियोहरू यस निर्णयबाट प्रत्यक्ष मारमा परेका छन् । स्थानीय सरकारसँग समन्वय गर्दै सुशासन, आर्थिक पारदर्शीता र ढिलासुस्ती विरुद्ध खबरदारी गरिरहेका रेडियोहरूको प्रवर्द्धनमा यो निर्णयले तगारो हालेको छ।

मिडियाको दायरालाई खुम्च्याउने यो कुण्ठित प्रयासले नागरिकको सुसूचित हुने अधिकारमा समेत बाधा पुर्‍याउने निश्चित छ। संविधानले सञ्चार सम्बन्धी अधिकार स्थानीय र प्रदेश तहसम्म प्रत्यायोजन गरेको छ । तर, प्रधानमन्त्री कार्यालयबाट जारी भएको यो निर्देशनले संघीयताको मर्मलाई ठाडो चुनौती दिएको छ । केन्द्रको यही 'स्पिरिट' लाई समातेर कतिपय प्रदेश सरकारहरूले समेत मिडिया प्रवर्द्धनका लागि छुट्याइएको बजेट कटौती गर्न थालेका छन् । लुम्बिनी प्रदेश सरकारको हालैको छलफलले पनि केन्द्रकै बाटो पछ्याउँदै मिडियामैत्री नहुने संकेत देखाएको छ, जसले संघीयताको स्वायत्ततामाथि प्रश्न उठाएको छ। सरकारले यो विभेदकारी नीति नसच्याएमा सञ्चार क्षेत्रले स्वीकार गर्दैन । सशक्त आन्दोलनमा उत्रिन्छ ।'-गिरीले भनेका छन् । यस्तै सरकारले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने गरी गरेको पछिल्लो परिपत्रप्रति विज्ञापन एजेन्सी र निजी सञ्चार क्षेत्रले गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

प्रधानमन्त्री कार्यालयको यो निर्णयले विगतका सरकारहरूले अघि सारेको निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने अवधारणाको बर्खिलाप गरेको र यसले विज्ञापन उद्योगलाई नै धराशायी बनाउने संकेत देखिएको छ । यसै सन्दर्भमा नेपाल विज्ञापन संघका अध्यक्ष सुदीप थापाको भनाइ यस्तो छ :

'विज्ञापन एजेन्सीहरूले यस निर्णयलाई केवल सञ्चारमाध्यमको मात्र नभई विज्ञापन उद्योग कै संकटका रूपमा लिएका छन् ।

सरकारले जारी गरेको परिपत्रमा विज्ञापन एजेन्सीहरू जस्ता सेवाग्राही क्षेत्रको आवश्यकतालाई पूर्णतः बेवास्ता गरिएको छ । सरकार आफैं सक्षम छ भन्ने शैलीमा निजी क्षेत्रको सेवा नलिने धारणा देखिनुले विज्ञापन बजारमा विरोधाभास सिर्जना गरेको छ।

» बाँकी ३ पेजमा

# संसदको पहिलो बैठकमा कसले के बोले ?

**संसद भवन र सिंह दरबार कसले किन जलाए ? : आङदेम्बे। देश जलाउनेहरुलाई महानायक बनाइयो : बादल। लोकतन्त्र, गणतन्त्र र समावेशितामा सम्झौता हुन्न : वर्षमान। एमसीसी खारेज गर : हर्क। राजसंस्था पुनर्स्थापनबारे गम्भीर विमर्श आवश्यक : ज्ञानेन्द्र। संख्याकै बलमा प्रतिशोध र अत्याचार हुन्न :**



**लुम्बिनी संवाददाता**

*बुटवल*

फागुन २१ मा भएको मध्यावधी चुनावबाट गठित प्रतिनिधिसभाको पहिलो बैठक बिहीबार बसेको छ।

बैठकमा सत्ता पक्ष र प्रतिपक्षी दलका शीर्ष नेताहरुले सम्बोधन गरेका छन् । नेपाली कांग्रेसका सांसद भीष्मराज आङदेम्बेले प्रधानमन्त्री बालेन्द्र शाहसँग गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सरकारबाट सार्वजनिक हुन्छ कि हुँदैन ? भनेर प्रश्न गरेका छन्। बिहीबार प्रतिनिधिसभाको पहिलो बैठकमा बोल्दै आङदेम्बेले पूर्व न्यायाधीश गौरीबहादुर कार्की आयोग र सरकारको नियतमाथि नै प्रश्न गर्दै यस्तो प्रश्न सोधेका हुन् । 'जाँचबुझ आयोगको प्रतिवेदन स्वयं सरकारले सार्वजनिक पनि गर्ने कि प्रधानमन्त्रीजीले पनि गोरखापत्र पढ्ने ?,'-आङदेम्बेले भने। भदौ २४ गते संसद् भवन र सिंहदरबार जलेको विषयमा आयोगको मौनतामाथि पनि उनले प्रश्न उठाए।

'किन खरानी भयो संसद् भवन, किन जल्यो सिंहदरबार ? कसले जलायो ?,' उनले प्रश्न गरे- 'भदौ २३ र २४ गतेका घटना एकएक केलाउन जरुरी छ।'

उनले भदौ २३ र २४ गतेका घटनालाई हेर्ने फरक दृष्टिकोण राख्न नहुने पनि बताए। उनले भने-'कसैले २३ को घटना देख्ने, २४ को ध्वंश नदेख्ने। कसैले २४ ध्वंश नदेख्ने, २३ को दमन देख्ने। यो प्रवृत्ति एकदम गलत छ।'

हुँदाहुँदा सरकारले बनाएको जाँचबुझ आयोगलेसम्म २३ गतेको घटनाको जाँचबुझ गरेर २४ को भ्याइएन भनेको आङदेम्बेले टिप्पणी गरे। 'यो कस्तो तरिका हो ? पटकपटक समय थप्ने तर काम नगर्ने कुरा जाँचबुझ आयोगको नियतबाट भएको होइन भन्न सकिन्न।'- उनले भने।

उनले सरकारलाई सुझबुझ ढंगबाट कदम अगाडि चाल्न आग्रह गरे। कांग्रेस सधैँ दोषी नउम्कियोस् र निर्दोष नफसोस् भन्नेमा दृढ रहेको उनले बताए।

नेकपा एमालेले फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा रास्वपा पहिलो पार्टी हुनुमा विभिन्न क्षेत्रमाथि दोष लगाएको छ।

बिहीबार प्रतिनिधिसभाको पहिलो बैठकलाई सम्बोधन गर्दै एमाले संसदीय दलका नेता रामबहादुर थापाले रास्वपा पहिलो दल बन्नुमा नेपाली सेनादेखि बारबरा फाउन्डेसनसम्मलाई दोष लगाएका हुन्।

'यो सबै परिणामका पछाडि मुख्यतः नेपाली सेना, ब्युरोक्रेसी, सुशीला सरकार र बारबरा फाउन्डेसन विजयका आधारहरू हुन्।'- उनले भने।

थापाले संसद् बैठकलाई दलीय आधारमा सम्बोधन गर्दै जेनजी आन्दोलनको घटनामा रास्वपाकै संलग्नता रहेको बताउँदै टिप्पणीसहित प्रधानमन्त्रीलाई बधाई दिएका हुन्।

'रास्वपाको अघोषित रंग क्रान्ति भदौ २३ र २४ मा सफलतापूर्वक गरियो। फागुन २१ गते आम निर्वाचतनमार्फत् निलोक्रान्ति सम्पन्न गरियो,' उनले भने-'चैत १३ गते भव्य धार्मिक अनुष्ठानसहित प्रधानमन्त्री नियुक्त गरियो । नेकपा एमालेको तर्फबाट यो अभूतपूर्व विजयी बधाई भन्न चाहन्छु।' थापाले पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेकोप्रति आपत्ति जनाएका छन्।

उनले ओली र लेखकलाई गैरकानुनी ढंगबाट पक्राउ गरिएको बताए। उनले समृद्धिका नायकहरूलाई खलनायक र हत्यारोको रूपमा स्थापित गरेको भन्दै आपत्ति जनाए। देश जलाउनेहरूलाई महानायक बनाएको उनको भनाइ छ।

उनले प्रश्न गर्दै भने-'कुन उद्देश्य पूरा गर्नको लागि राजनीतिक नेतृत्वहरूलाई पक्राउ गर्ने प्रपञ्च रचिँदैछ ? किन देशव्यापी रूपमा दमनचक्र र राज्य आतङ्क मच्याइँदैछ ?

उनले भदौ २३ र २४ गतेको घटनालाई लिएर प्रश्नैप्रश्न उठाए । उनले विद्यार्थी सङ्गठन खारेज गर्ने सरकारको तयारीप्रति पनि असन्तुष्टि जनाए।

नेकपाका उपाध्यक्ष तथा सांसद वर्षमान पुनले राष्ट्र निर्माणको लागि सरकारलाई सघाउन तयार रहेको बताएका छन्। उनले लोकतन्त्र, गणतन्त्र र समावेशिताको मुद्दामा सम्झौता गर्न नसक्ने बताए। उनले ०६४ सालको निर्वाचनमा आफ्नो पार्टीले पाएको मतलाई सदुपयोग गर्न नसकेको स्वीकार गरेका छन् । '०६४ सालको चुनावमा तत्कालीन नेकपा माओवादीले झन्डैझन्डै यस्तै खालको विजय हासिल गरेको थियो। ०७४ सालमा हामी दुई दल मिलेर प्रतिस्पर्धा गर्‍यौं,' उनले भने-'पछिचाहिँ हामीले पार्टी एकता गर्‍यौं। त्यसलाई सदुपयोग गर्न सकेनौं जानेनौं।'

उनले रास्वपालाई शिक्षाको रुपमा लिएर पार्टी र देशलाई अघि लैजान आग्रह गरे। यसका लागि नेकपाले सहयोग गर्ने पनि उनको भनाइ छ।

श्रम, संस्कृति पार्टीका अध्यक्षसमेत रहेका सांसद हर्क साम्पाङले अमेरिकी सहायता परियोजना एमसीसी खारेज गर्न माग गरेका छन्।

» बाँकी ३ पेजमा

# पूर्वमन्त्री अधिकारी मुछिएको घुसकाण्डको छानबिन गर्न अध्ययन समिति



बुटवल । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले पूर्वमन्त्री बलराम अधिकारी मुछिएको घुसकाण्डको छानबिन गर्न अध्ययन समिति बनाएको छ।

भूमी मन्त्रालयले सचिवस्तरीय निर्णय गरी बौद्ध तथा मेलम्ची घ्याङ्गुठीका चिनियाँ लामा भूपतीबज्र लामाको नियुक्ति जोडिएको विषय छानबिन गर्न भनेको हो। भूपतिबज्र लामामाथि तत्कालीन भूमि व्यवस्था मन्त्री बलराम अधिकारीलाई घुस खुवाएर नियुक्ति लिएको आरोप छ।

मन्त्रालयले सहसचिव ध्रुव घिमिरे, उप-सचिव रोशनशंकर घिमिरे र कानून अधिकृत ध्रुव भण्डारी रहेको समिति गठन गरेको हो। तीनैजना भूमि व्यवस्था मन्त्रालयमा कार्यरत छन्।

चुनाव गराउन गठित अन्तरिम सरकारले नै गत माघको दोस्रो साता विभिन्न अनियमिततामा मुछिएको एवं पदीय आचरणविपरीत काम गरेको आरोपमा चिनियाँ लामा भूपति बज्रलामालाई पदमुक्त गरेको थियो।

भूमी व्यवस्थामन्त्री डा. कुमार इङ्नामले आफूकहाँ उजुरी परेपछि छानबिन गरेर निर्णय गर्न गुठी संस्थानलाई निर्देशन दिएका थिए। गुठी संस्थानले उनीमाथि मुख्यरुपमा चारवटा आरोपहरू लगाएको थियो। नियुक्त भएपछि गुठी जग्गाको संरक्षण नगरेको, गुम्बाको उचित व्यवस्थापन गरेको, गुम्बामा नबसेको अनि पदिय आचरण विपरीत काम गरेको भन्ने आरोपका आधारमा संस्थानले उनलाई पदमुक्त गरेको हो।

पदमुक्त गर्नुअघि उनलाई संस्थानले स्पष्टिकरण सोधेको थियो। जवाफमा लामाले आफूमाथि विभिन्न सञ्चारमाध्यम र अरुले अपुष्ट लाञ्छना लगाएको आरोप लगाएका थिए।

उनीमाथि नियुक्तिका लागि तत्कालीन भूमी, व्यवस्था तथा सहकारीमन्त्री बलराम अधिकारीलाई घुस बुझाएर चिनिया लामा पद लिएको आरोप लागेको थियो।

उनीसँग नेपाल र हङकङको परिपत्र भेटिएको भनी मन्त्रालयले गुठी संस्थानलाई छानबिन गर्न भनेको थियो।

गत पुसको अन्तिम साता तत्कालीन मन्त्री इङ्नामले सञ्चारकर्मीहरूसँगको कुराकानीमा बौद्धस्थित स्तुपाहरुमा भक्तालुहरुलाई पठाउने क्रममा 'चिनिया लामा'ले ५/१० हजार रुपैयाँ घुस लिनेगरी उजुरी आएको बताएका थिए।

'धार्मिक थलोमा आस्था अनुसार पूजा गर्न जाँदा पनि पैसा उठाउने विकृती फैलिएको रहेछ' उनले सञ्चारकर्मीहरुसँग भनेका थिए-'चिनिया लामा बन्नका लागि अहिले पदमा रहेका व्यक्तिले पूर्वमन्त्रीलाई पाँच करोड रुपैयाँ बुझाएका रहेछन्।'

मन्त्री इङ्नामले ओली सरकारको पालामा मन्त्री भएका बलराम अधिकारीलाई रकम बुझाएकोबारे आफूकहाँ उजुरी परेको र त्यसको सोधपुछ चलिरहेको बताएका थिए। गुठी संस्थानले लामालाई पदमुक्त गरेपछि निर्वाचन आचारसंहिताका कारण निर्णय कार्यान्वयन हुन सकेको थिएन।

बौद्धनाथस्थित धार्मिक गुरुङलाई 'चिनिया लामा' नामले सम्बोधन गरिन्छ। गुठी संस्थानअन्तर्गत चलेको उक्त धार्मिक संस्थामा गुठी संस्थाले नै नियुक्ती गर्ने अभ्यास छ। भूमि व्यवस्था मन्त्रालय मातहत रहेको गुठी संस्थानबाट उनीहरुको नियुक्ति हुन्छ।




## सम्पादकीय

# विज्ञापन रोक्ने निर्णय सच्चाऊ

सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्रै उपलब्ध गराउने सरकारको निर्णय गलत छ। यो निर्णयको नेपाल पत्रकार महासंघलगायत संघ संस्थाले विरोध गरेका छन्।

कोभिड–१९ महामारी र आर्थिक मन्दीका कारण निजी क्षेत्रका सञ्चारमाध्यम आर्थिक रुपमा जर्जर भएका बेला सरकारले सहुलियत र प्रोत्साहन दिनुपर्नेमा विज्ञापन रोक्ने निर्णय गरेर सरकार उल्टो बाटो हिंडेको छ।

लोकतान्त्रिक व्यवस्थामा सरकार सधैं सञ्चारमाध्यमको प्रवर्द्धन गर्छ। सञ्चारमाध्यमको काम सधैं सरकारलाई खबरदारी गर्ने हो। सरकारका राम्रा काम नागरिकलाई जानकारी दिनु र कमजोरीका बारेमा खबरदारी गर्ने भएकाले लोकतान्त्रिक व्यवस्थामा सधैं सञ्चारमाध्यमलाई प्रवर्द्धन गरिन्छ। लोकतान्त्रिक व्यवस्थाअन्तर्गत जननिर्वाचित सरकारले अहिले लिएको निर्णयले सरकारको नियतमाथि प्रश्न उठाएको छ। अहिले गरेको निर्णयले साना लगानीका मिडिया, रेडियो र टेलिभिजनहरू पूर्णरूपमा बन्द हुने अवस्थामा पुग्छन्।

साना मिडिया नागरिकको घरदैलोका मिडिया हुन्। पत्रिका पढ्न र टेलिभिजन पुग्न नसकेका ठाउँमा अहिले एफएम रेडियो पुगेका छन्। संविधानअनुसार स्थानीय र प्रदेश सरकारहरू स्वायत्त छन्। उनीहरूलाई आफ्नै नीतिअनुसार सञ्चारमाध्यमको व्यवस्थापन र सहकार्य गर्ने अधिकार छ। तर, संघीय सरकारको मन्त्रिपरिषद्ले केन्द्रबाटै तीनै तह (संघ, प्रदेश र स्थानीय) को विज्ञापन रोक्ने निर्णय गर्नुले संघीयताको मर्म र संविधानप्रदत्त अधिकारको ठाडो उल्लंघन हो।

सुशासन, आर्थिक पारदर्शीता र ढिलासुस्तीविरुद्ध सरकारले स्थानीय सञ्चारमाध्यमसँग सहकार्य गर्न सक्छ। खासगरी स्थानीय पत्रिका, रेडियो र टेलिभिजनसँग भएका साझेदारी र सहकार्य प्रभावकारी देखिएका छन्। स्थानीय अखबार, रेडियो र टेलिभिजन समुदायका सम्पत्ति हुन्। समुदायको सचेतना, जागरण र हितमा उनीहरु क्रियाशिल छन्। कुनै व्यवसायीको लगानीको स्वार्थभन्दा माथि उठेर राज्य र समाजप्रति जवाफदेही र जिम्मेवार सञ्चारमाध्यमको प्रवर्द्धन गर्दा लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन बल पुग्छ।

सरकारको आर्थिक नाकाबन्दीको निर्णयले सरकार लोकतान्त्रिक प्रणालीप्रति प्रतिबद्ध नभएको आशंका जन्माएको छ। सरकार सञ्चारमाध्यमप्रति स्थापित विधि र प्रक्रियालाई कुल्चेर कठोर बन्दै जाँदा त्यसले सरकार र प्रणालीप्रति नै प्रश्न उठ्ने छ। सरकारी विज्ञापनमा अहिले चलखेल भएको यथार्थ हो।

विज्ञापन पत्रिकामा छापिने, तर भुक्तानीको ठूलो हिस्सा अन्तै जाने प्रवृत्तिले सञ्चारगृह समस्यामा परेका छन्। यो चलखेललाई रोकेर समानुपातिक ढंगले विज्ञापन वितरण गर्न सरकारले ध्यान दिनुपर्छ। सरकारी सञ्चारमाध्यममा मात्रै सरकारी विज्ञापन दिने निर्णय विधिसम्म पटक्कै नभएकोले सच्चाउनु राम्रो हुनेछ।

# कार्की आयोगको प्रतिवेदन र नेपाली सेनाप्रतिको आशंका



विन बहादुर कुँवर

प्रमुख जिल्ला अधिकारीहरूले सेनाको सहयोग माग्दा समेत सहयोग नपाएको गुनासो काठमाडौंलगायत बाहिरि जिल्लाका प्र.जि.अ. हरुको भनाइ पनि त्यहाँ उल्लेख छ। यसरी शान्ति सुरक्षा र राज्यको सम्पत्तिको संरक्षण र सुरक्षा गर्ने अन्तिम मुख्य निकाय राज्यको सेना नै हो। तर त्यही सेना रमिते भई बसेपछि कसको के लाग्छ ? यसरी उक्त दिन अर्थात् भाद्र २४ को त्यो तोडफोड, आगजनी, हत्या, हिंसाप्रति कुनै न कुनै रुपले नेपालको सेना पनि मुछिएको प्रत्यक्ष उक्त रिपोर्टको छ। अब वर्तमान सरकारले त्यसलाई कसरी लिन्छ ? त्यो हेर्न भने बाँकी नै छ।

गत भाद्र २३ र २४ गते भएको जेनजीहरुको विरोध अनि तोडफोड, आगजनी र हत्या, हिंसाको छानबिनका लागि बनाइएको गौरीबहादुर कार्की नेतृत्वको छानबिन आयोगको रिपोर्ट प्रतिवेदन औपचारिक रुपमा सार्वजनिक नभए पनि विभिन्न सञ्चार मिडियाहरुले त्यसको पूर्ण पाठ सार्वजनिक गरिसकेका छन्। त्यसैलाई आधार बनाएर वर्तमान प्रम बालेन नेतृत्वको सरकारले पूर्व प्रम केपी ओली र गृहमन्त्री रमेश लेखकलाई गिरफ्तार गरी थुनिराखेको छ। यसको विरोध गर्दै नेकपा (एमाले) ले देशव्यापी रुपमा आन्दोलन गरिरहेको छ। यसैसँग सम्बन्धित अर्का आरोपित तत्कालीन काठमाडौं जिल्लाका प्र.जी.अ. छवि रिजालसमेतलाई सरकारले गिरफ्तार गरी छानविन गरेको छ।

सरकारको यो कदमलाई एक पक्षबाट स्वागत भइरहेको छ भने अर्को पक्षबाट यसको विरोध भएको छ। यो दुवै हुनु स्वाभाविक नै छ। तर मूल कुरा पहिले यसको अध्ययन अनि छलफल त्यसपछि कार्यान्वयनको प्रक्रियाको थालनी हुनुपर्ने थियो। जबकि यो आयोगको रिपोर्ट नै सरकारले अहिलेसम्म आधिकारिक रुपले सार्वजनिक नै गरेको छैन। पूर्व प्रम सुशीला कार्की नेतृत्वको सरकारले यसलाई तत्काल सार्वजनिक नगरी यत्तिकै राख्यो। त्यसपछि यसको सार्वजनिक गर्ने दायित्व वर्तमान यो सरकारको हो। तर यो सरकारले पनि त्यो नगरी एकाएक त्यसको कार्यान्वयन चरणमा जानु अलि हतार मात्रै होइन, अझ एमालेले प्रतिशोध र बदलाको मानसिकताले काम गरेको बताएको छ। सरकारको यो हतारो मानसिकताले त्यसको पुष्टि हुने पनि देखिएको छ। कतै जल्दी खाउँ जल्दी मरौ भने जस्तै अर्थात् तातो आलु मुखमा हालु निलु कि ओकलु भन्ने स्थिति त हुने होइन ? वर्तमान सरकारका लागि यो पहिलो चुनौती बन्न गएको छ। हुनतः यो अदालती प्रक्रियामा छ। अदालतको फैसलाको निर्णय के हुने हो ? त्यो हेर्न बाँकी छ। तैपनि यसले एउटा सन्देश के दिएको छ भने सत्ता र कुर्सीमा बसिसकेपछि जे पनि गर्न छुट हुन्छ भन्ने शासकीय मानसिकतालाई यसले बदलेको छ। सम्भवतः यो २०१७ साल बीपी कोइराला पछिको पहिलो राजनीतिक उच्च ओहदामा बसेका व्यक्तिको गिरफ्तारी हो।

यसको एउटा सकारात्मक पक्ष भनेको कानुनका अगाडि सब, सम्मान छन्। गल्ती गरे जो कोहीलाई कारबाही हुन्छ भन्ने सन्देश गएको छ। तर यसको अर्को पक्ष त्यही पुरानो नेपालको इतिहासमा जस्तै थापा, पाण्डे र बस्नेतबिचको आपसी किचलो हत्या, हिंसा र बदलाको पुनरावृत्ति साथै २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रकाविरुद्ध गरेको फौजी 'कु' जस्तै पश्चागमनको पनि शंका गर्न थालिएको छ।

यस्तो संकेत धेरै पहिले नै थाहा भइसकेको थियो। त्यही भएर हामीले कांग्रेस-एमाले र माओवादीका नेताहरुलाई सचेत हुन भनेका थियौं। त्यो अन्तरिम सरकार नै असंवैधानिक छ। पुराना दलहरुप्रति यसको पूर्वाग्रह यथावत छ। संसद पुनर्स्थापनाको मुद्दा अदालतमा विचाराधीन छ। यी सबै कारणले गर्दा यो निर्वाचनमा भाग लिन हुन्न सके बहिष्कार नै गर्नु पर्नेमा उल्टो कांग्रेस-एमाले र नेकपालगायत अरु साना ठूला सबै दलहरु त्यो निर्वाचनमा हाम फाले। तर परिणाम लाजमर्दो साना फुच्चे दलमा परिणत हुन पुगे। थुप्रै दलहरुको त धरौटी नै फिर्ता भएन। पूर्व प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री यी सबै दलहरुलाई माछो माछो भन्दै अन्तत भ्यागुतोमा नै थन्काउन सफल भए।

अझै पनि यी दलहरुको होस खुलेको छैन। बल्ल एमालेले बुझी सडक आन्दोलनमा आउन बाध्य बनेको छ। कांग्रेस गगन गुट र नेकपा प्रचण्ड-माधवहरुको भने एमाले अध्यक्ष ओलीलाई गिरफ्तार गरी मुद्दा चलाइरहँदा पनि यिनीहरुको होस् खुलेको छैन। ओली थुनिदा खुसी छन्। तर जब प्रचण्डलाई क्यान्टेनमेन्ट घोटला काण्ड र नुवाकोटको शेरा दरबार काण्डमा र गगनलाई बाख्रा काण्डमा समाती मुद्दा चलाइन्छ बल्ल यिनीहरुको पनि होस् खुल्नेछ। माधवको त भ्रष्टाचार मुद्दा यथावत नै छ। ढिलो चाडो यी सबैले एमाले ओली र कांग्रेस लेखक कै नियति यिनीहरुले पनि भोग्नै पर्ने निश्चित छ। नत्र भने बालेन सरकारको औचित्य नै रहने छैन।

वास्तवमा बालेन शाह पश्चिमा ग्राइण्ड डिजाइजन अन्तर्गत ज्ञानेन्द्र शाह पथलाई अनुशरण गर्दै छन्। कही नभाको जात्रा हाडी गाउँमा भने जस्तै प्रधानमन्त्री पदको शपथका लागि गरिएको त्यो पूजापाठ, भाकल, लवाइ खवाई हिंडडुल सबै पूर्वराजा ज्ञानेन्द्रकै हुँबहु अनुशरण भइरहेको छ। ज्ञानेन्द्र पनि आफ्नै दाजु वीरेन्द्रको वंशनाश भई राजा बनेका हुन्। बालेन सिंहदरबार, संसद भवन, राष्ट्रपति कार्यालय, अदालत सबै जलाएर भएका नेता। ज्ञानेन्द्रले पनि कांग्रेस, एमालेलाई थुनछेक र दमन, सदन सबै भंग गरेर शासन गर्ने जमर्को गरेका थिए। त्यस्तै केही कांग्रेसी नेताहरु भ्रष्टाचार मुद्दा लगाई थुनछेक र जेल चलान गराएका थिए। बालेनले पनि यस्तै थालनी र सुरुवात गरिसकेका छन्। ढिलो चाडो उनको पनि देशको सम्पूर्ण शक्ति आफू केन्द्रित बनाई एउटा निरंकुश शासक बन्ने इच्छा भएको देखिदैछ।

हिटलर मुसोलिनी र हालको युक्रेनको राष्ट्रपति जेलेस्कीहरुको उदय पनि सुरुमा यस्तै चुनावी गतिविधिबाट नै थालनी भएको थियो। त्यसैले अन्तर्राष्ट्रिय रुपमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादी दलाल र राष्ट्रिय रुपमा सामन्ती र नोकरशाही बुर्जुवा आवरणभित्रको ज्ञानेन्द्र पथ नै बालेनको असली चरित्र र गन्तव्य हो। रास्वपाको घण्टी नेता कार्यकर्ता सबै बालेन, सुदनकै कब्जामा परिसके। ढिलोचाडो रविको फेरि जेलबास आयोगकै रिपोर्ट नै त्यस्तै छ। सहकारी ठगीको साथसाथै अब उनलाई जेल ब्रेकको पनि फौजदारी मुद्दा चलाउने आधार मिलिसकेको छ। अन्ततः ओली, देउवा, गगन, प्रचण्ड, माधव, उपेन्द्र र रवि सबैको बास जेलमै। एकले अर्कालाई सराप्दै बस्नुको अर्को विकल्प नै नहुने छाटकाट देखिंदैछ। त्यसैले अहिले कोही गिरफ्तारीमा परिँदै वा थुनिदै गर्दा न हाँस्ने बेला छ न रुने कल्याउने बेला छ, बरु बुढी मरी भनेर होइन काल पल्केकोमा चिन्तित भई यी अमेरिकी तथा भारतीय दलालहरुको विरुद्धमा एक भई आन्दोलनमा जुट्नु छ।

अब माथि भनिएको कार्की आयोगको प्रतिवेदनको बारेमा त्यति धेरै भन्नु र लेख्नु केही छैन। जसको दाना उसैको गाना गाउनु स्वाभाविक छ। जेनजीको नाममा बनाइएको सरकार अनि त्यसैको निर्देशनमा बनाइएको यो आयोगबाट जनताले त्यति धेरै आश गर्ने ठाउँ नै छैन। तै पनि यसले उठाएका केही प्रश्न भने गम्भीर प्रकारकै छन्। त्यसमा रास्वपाका सभापति रवि लामिछाने अनि टिओवी समूह र नेपाली सेनाको भूमिकाको बारेमा पनि केही चर्चा गरेको छ। त्यस्तै काठमाडौंस्थित विभिन्न बौद्ध गुम्बाहरुको बारेमा पनि निगरानी गर्नुपर्ने बताएको छ।

रवि लामिछानेले जेलरकै आदेश र निर्देशनमा जेल बाहिरिएको भने पनि उक्त प्रतिवेदमा जेलरको बयान अनुसार त्यो सब झुट भएको उल्लेख छ। जसमा भनिएको छ-'भिडले मलाई अत्यधिक डर धम्की दिई जीवनमरणको त्रासमा पारी एक अज्ञात पत्रमा हस्ताक्षर गर्न बाध्य पारियो। पत्रको विषयवस्तुबारे मलाई पूर्व कुनै जानकारी थिएन। उक्त हस्ताक्षर करकाप र आतंकपूर्ण अवस्थामा नै गरिएको हुँदा त्यसको कुनै वैधानिक हैसियत छैन।' अब यसमा प्रश्न उठ्छ, त्यस्तो पत्र कसले बनायो र त्यसमा जबर्जस्ती सहिछाप गर्न लगाई जेलबाट बाहिरिने बन्दी रवि लामिछाने यसमा प्रष्ट दोषी देखिन्छन्। किर्ते जालसाजी अनि जेल ब्रेक जस्तो गतिविधिमा संलग्न व्यक्तिप्रति अब यो सरकारले कारबाही गर्छ कि गर्दैन ? गर्नै पर्ने हुन्छ। नत्र भने सरकारको पक्षपात र प्रतिशोध भन्ने आरोप प्रमाणित हुनेछ।

त्यस्तै टिओबी समूहप्रति पनि निगरानी र कारबाही यो सरकारबाट हुने पर्ने हुन्छ। त्यो नभए अमेरिकी मिसनअन्तर्गत तिब्बती मूलका नागरिकहरुलाई पालनपोषण र संरक्षण गर्ने दोषारोपण यो सरकारमाथि लाग्ने छ। त्यस्तै बौद्ध गुम्बाहरुप्रति पनि निगरानी मात्रै होइन, छानबिन गरी त्यस्ता गुम्बाहरुलाई प्रतिबन्द नै लगाउनुपर्ने हुन्छ।

अन्त्यमा यो जेनजी आन्दोलनप्रति जुन रवैया नेपाली सेनाले देखायो त्यो अत्यन्त गम्भीर छ। कतै नेपाली सेना पनि अमेरिकी मिसनअन्तर्गत सञ्चालित भएको त छैन ? प्रश्न उठ्नु स्वाभाविक छ। नेपाली सेना प्रमुखले नै एसपीपी अमेरिकी सैन्य परियोजनाको समर्थन र यसको नेपालमा आवश्यकता बताइरहँदा झन् यो रहस्यको विषय बनेको छ। जसको झल्को अब प्रतिवेदनमा यसरी व्यक्त भएको छ- 'सिंहदरबार र सितल निवासमा नेपाली सेना तैनाथ थियो। तिनको रक्षा गर्नु नेपाली सेनाको कर्तव्य हो। तर कार्यान्वयन गरेको देखिएन। सिंहदरबारस्थित नरसिंह दलका कमाण्डर र राष्ट्रपति भवन शितल निवासका कमाण्डर र संघीय संसद भवन परिसर बानेश्वर तथा प्रधानमन्त्री निवास बालुवाटारमा सुरक्षार्थ खटिएका नेपाली सेनाको कमाण्डरहरुले आफ्नो कर्तव्य पूरा गरेको देखिएन।' त्यस्तै प्रमुख जिल्ला अधिकारीहरुले सेनाको सहयोग माग्दा समेत सहयोग नपाएको गुनासो काठमाडौंलगायत बाहिरी जिल्लाका प्र.जि.अ. हरुको भनाइ पनि त्यहाँ उल्लेख छ। यसरी शान्ति सुरक्षा र राज्यको सम्पत्तिको संरक्षण र सुरक्षा गर्ने अन्तिम मुख्य निकाय राज्यको सेना नै हो। तर त्यही सेना रमिते भईबसे पछि कसको के लाग्छ ? यसरी उक्त दिन अर्थात् भाद्र २४ को त्यो तोडफोड, आगजनी, हत्या, हिंसाप्रति कुनै न कुनै रुपले नेपालको सेना पनि मुछिएको प्रत्यक्ष उक्त रिपोर्टको छ। अब वर्तमान सरकारले त्यसलाई कसरी लिन्छ ? त्यो हेर्न भने बाँकी नै छ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको वृद्धि



काठमाडौँ। यो साता कारोबारको अन्तिम दिन बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक पाँच दशमलव ८२ अङ्कले बढेर दुई हजार ७८२ दशमलव १८ को बिन्दुमा कायम भएको हो।

३२८ कम्पनीको दुई करोड १३ लाख १८ हजार ९२९ कित्ता शेयर एक लाख तीन हजार २२५ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ८१ करोड ९७ लाख २३ हजार ३३५ दशमलव २९ को कारोबार भएको नेप्सेले जनाएको छ। कारोबारमा बैंकिङ शून्य दशमलव ११, वित्त शून्य दशमलव ८७, जीवन बिमा शून्य दशमलव १९, लघुवित्त शून्य दशमलव २९, निर्जीवन बिमा शून्य दशमलव ३३ र अन्य समूहको उपसूचक शून्य दशमलव शून्य दुई प्रतिशतले घटेको छ। अरु सबै समूहको उपसूचक बढेको छ।

विकास बैंक शून्य दशमलव ४८, होटल तथा पर्यटन शून्य दशमलव ३९, जलविद्युत् शून्य दशमलव शून्य पाँच, लगानी शून्य दशमलव १५, उत्पादन तथा प्रशोधन एक दशमलव ७६, म्युचुअल फण्ड शून्य दशमलव १२ र व्यापार समूह दुई दशमलव ५३ प्रतिशतले बढेको छ।

कारोबारमा रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, रिजलाइन इनर्जी लिमिटेड र सूर्यकुण्ड हाइड्रोइलेक्ट्रिक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य तीन दशमलव शून्य छ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी एसवाई प्यानल नेपाल लिमिटेडको रु ३५ करोड ७० लाख १२ हजार ५८९ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी कुमारी बैंक लिमिटेडको १० लाख ७९ हजार ९२१ कित्ता शेयर किनबेच भएको छ।

# कृषिको आधुनिकीकरणसँग जोडिएका जिज्ञासाहरू



तुल्सीराम पाण्डे

२०७४ सालमा संघीयता लागू भएपछि बनेको सरकारले कृषिको आधुनिकीकरण, कृषिबाट समृद्धि, समृद्ध नेपाल सुखी नेपाली जस्ता कुराहरु अगाडि सारेको छ। त्यसै कार्यक्रमअनुसार पहाडमा समूहलाई हाते ट्र्याक्टर अनुदान दिने, एक गाउँ एक उत्पादनमा जोड दिने, कृषकहरुलाई आफूले गर्ने उत्पादनका नाममा फर्म दर्ता गर्न लगाउने, केहीलाई अनुदान दिने गरेको छ। तराईमा समेत त्यहाँको अवस्थाअनुसार बाख्रा, कुखुरा, गाई, भैंसी, माछा र अन्य उत्पादनहरुमा अनुदान दिने उन्नत बिउ र मल ल्याउने व्यवस्था गर्ने र आधुनिक कृषि उपकरणहरू ल्याउनलाई सहजीकरण गरेको छ।

मेसिनले काम गरेर आधुनिक तरिकाले खेती गर्दा मानिसलाई ज्याला दिएर र पुरानो तरिकाले खेती गर्दाभन्दा केही सस्तो र उत्पादनमा वृद्धि भएजस्तो देखिन्छ तर यहाँको काम गर्ने पुरानो तरिका बिर्सिंदै गएको छ। मानिसमा बसेर खाने बानी परेको छ। यहाँको साधन स्रोत खेर गएको छ। त्यसबाट हुने घाटाको कसैले हिसाब गरेको छैन। यहाँ खेर गएको साधन स्रोत र विदेशबाट आउने वस्तुहरुको नेपाल र नेपालीको हितलाई केन्द्रमा राखेर अध्ययन गर्ने हो भने केही वर्षपछी उत्पादन कम हुँदै जाने र नेपालीहरु अझै गरिव हुँदै जाने छन्। त्यो कुरा बुझ्न पहिले र अहिले गरिने कामका तरिकाहरुको सामान्य मात्र अध्ययन गरेमा जान्न सकिन्छ।

पहिले मानिसहरुले मिहिनेत गरेर सबै काम उत्रन्थ्यो। सबै मानिसहरुले मिलेर काम गर्दथे। गोरुले जोत्ने, गाई भैंसीको मल खेत बारीमा राख्ने, स्याउला र सोतरबाट मल बनाउने, बिउ जोगाएर राख्ने, सबैले वर्म पर्म र हुद्दा गर्ने, गोरु नपाल्नेले जोत्न बोलाएमा पैसा वा खेतारो तिर्ने गर्दथे। खेतीमा विष हाल्नु पर्दैनथ्यो, जग्गाको उर्वराशक्ति कायम रहन्थ्यो। खेती थन्क्याउँदा समेत काट्ने, ओसार्ने, झाँट्ने, दाइँ गर्ने, कोदो ठटाउने, तोरी माड्ने र अन्य प्रशोधनका काम सबै मानिसले नै गर्दथे। कृषकलाई आवश्यक पर्ने डोको, नाम्लो, दाम्लो, हलो र अरु सामानहरु आफैँ बनाउँथे। निमेक गर्नेहरूलाई ज्यालामा अन्न दिए हन्थ्यो।

अहिले सबै काम मेशिनले गर्न थालेको छ। हातमा पैसा भएपछि मात्र सबै काम गर्न सकिन्छ। टेक्टरले जोत्ने, महँगो रासायनिक मल किन्नुपर्ने, विदेशी पाकेटको बिउ किन्नु पर्ने, कुनै समयमा फल नै नलाग्ने, विषादी छर्कनुपर्ने, बाली काट्ने, झाट्ने, ओसार्ने, दाइँ गर्ने र अन्य प्रशोधनका कामहरु सबै मेसिनले गर्न थालेका छन्। टेक्टर विदेशी, बाली काट्ने र प्रशोधन गर्ने मेशिन विदेशी, मेशिनमा राख्ने तेल विदेशी, मेशिन मर्मतलाइ चाहिने पुर्जाहरु विदेशी, मेशिन चलाउने मानिस विदेशी, आधुनिकीकरणको नाममा पैसाजति सबै विदेश गएको छ। उत्पादन भएको खेतीको मूल्य गर्ने हो भने उल्टै घाटा लाग्दछ।

पहिले एक जना मान्छे विदेश गएमा परिवारले जनतन गुजारा गरेर बस्दथे। कमाएर ल्याएको पैसाले केही न केही काम गर्थे। अहिले एकजना विदेश गएमा आधुनिक सुविधाको उपभोगले बचत हुन मुस्किल पर्दछ। यहाँको जग्गा बाँझो हुँदै गएको छ। घाँस त्यसै खेर गएको छ। पशुपंक्षीलाई चाहिने दाना र घाँस समेत विदेशबाट आउन थालेको छ। पहिले मानिसले आफूलाई चाहिने सबै काम एकजनाले गर्दथे। अहिले एकजनाले एउटा वस्तुको उत्पादनको फर्म दर्ता गर्नु पर्दछ। दर्ता भएको फर्मको प्रत्येक वर्ष कर तिर्नु पर्दछ। कर तिर्नेले मात्र राहत, अनुदान र अन्य सरकारी सुविधा पाउँछ।

कृषि क्षेत्रमा रहेका सबै नागरिकले फर्म दर्ता गरेमा राजश्वमा वृद्धि हुनेछ। संघीय कानुनअनुसार मजदुरले समेत स्थायी लेखा नम्बर लिनुपर्दछ। आम्दानीको एक प्रतिशत कर तिर्नु पर्दछ। वर्तमान समयमा ठूला उद्योगहरु बन्द भएका छन्। साना उद्योगहरुले प्रतिस्पर्धा गर्न सकेका छैनन्। सरकारले तोकेको ज्याला दिएर कृषि क्षेत्रमा काम गराउने हो भने सबै मानिसहरुले खेती गर्न छाड्नेछन्। उद्योग र निर्माण क्षेत्रमा काम गर्ने मजदुरले समयमा र तोकेको तलब पाउँदैनन्। कमाई जति सबै खर्च गर्दछन्।

केही समयपछि व्यवहारिक रुपमा गरिबी अरु बढ्नेछ। कृषिको आधुनिकीकरण गरेर देशलाई समृद्ध बनाउने हो भने यहाँका कृषि प्रयोगशालाहरु बदाउनु पर्दछ। कृषिको लागि आवश्यक जनशक्तिको वृद्धि गरेर तालिम दिनु पर्दछ। प्राङ्गारिक मलको कारखाना खोल्ने, स्थानीय बिउलाई जोगाएर राख्ने, र आवश्यक औजारहरु यही उत्पादन गर्नुपर्दछ।

त्यति पनि गर्न नसकेमा जनताले उत्पादन गरेका वस्तुको बजारको ग्यारेन्टी गरेमा अरु सबै कुरा जनताले आफैँ गर्नेछन्। अहिलेको सरकारी नीति र राजनैतिक व्यक्तिहरुको काम गराइ देख्दा पञ्चायतको समयमा काम दिने, माम दिने, सुख दिने राजा भनेर पाठ पढाइएको थियो, त्यसैको नयाँ रुप जस्तो लाग्दै छ। माछो माछो भ्यागुतो भनेर जनताहरु झुक्किरहेका छन्।

## महाकाली सिँचाइ आयोजना:

# नियमित पानी ल्याउन नसक्दा सिँचाइमा समस्या



महेन्द्रनगर । कञ्चनपुरको एकमात्र राष्ट्रिय गौरवको महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत मूल नहर निर्माण तीव्र गतिमा भइरहे पनि नहरमा पानी नियमित प्रवाह गराउने विषय भने अन्योलमा छ ।

महाकाली सन्धिअनुसार भारतीय पक्षले टनकपुरबाट नेपाल-भारत सिमानासम्म बनाउनुपर्ने एक हजार २०० मिटर मूल नहर निर्माण गरिसकेको छ भने नेपालले आफ्नो क्षेत्र ब्रह्मदेवबाट शुक्लाफाँटाको टोटी फुलेलीसम्म २८ किलोमिटर मूल नहर निर्माण गरिसकेको महाकाली सिँचाइ आयोजना तेस्रो चरणका सूचना अधिकारी इन्जिनियर यादव बरालले जानकारी दिए ।

"मूल नहर २८ किलोमिटर निर्माण भएर सो क्षेत्रमा शाखा नहर पनि निर्माणाधीन अवस्थामा छ", उनले भने-"महाकाली नदीबाट भारतले परीक्षणका लागि मूल नहरमा पानी छोडे पनि नियमित छोडेको छैन ।" उनले हालको अवस्थामा भारतीय पक्षसँग सहमति गरी पानी नियमित प्रवाह गराउन सके यहाँ पाँच हजार हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुग्ने जानकारी दिए ।

सिँचाइ आयोजनाले तीनपटक जलस्रोत तथा सिँचाइ विभागमा पानी ल्याउने विषयमा भारतसँग समन्वय गर्न पत्राचार गरिसकेको सूचना अधिकारी बरालले बताए । "हामीले मूल नहरमा पानी महाकालीबाट ल्याउन सकारात्मक पहल गरिदिन माथिल्लो निकायमा भन्दै आएका छौँ", बरालले भने-"तर नेपाल-भारत सिँचाइमन्त्रीस्तरसम्म यो विषय अझै पुगेको छैन ।"

यसअघि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले भारतीय पक्षसँग उक्त विषयमा अनौपचारिक छलफल गरेको सूचना अधिकारी बरालले जानकारी दिए । "भारतमा सिँचाइ मन्त्रीस्तरमा यो विषय पुर्‍याएर नहरमा नियमित पानी बगाइसक्नुपर्ने हो", उनले भने-"ठोस पहल नहुँदा अर्बौं लगानीमा बनेको मूल नहर काठ, घाँसलगायत वनजङ्गलले पुरिँदैछ ।"

कैलालीको मालाखेतीसम्म ३३ हजार ५२० हेक्टर जग्गा सिँचाइ गर्ने लक्ष्यसहित १८ वर्षअघि सुरु भएको महाकाली सिँचाइ आयोजनाको प्रगति भइरहे पनि पानी ल्याउन प्रभावकारी पहल हुन नसकेको उनको भनाइ छ । "अहिले मूल नहरअन्तर्गत २८ देखि ४८ किलोमिटरसम्म चार चरणमा निर्माण भइरहेको छ", उनले भने-"चारवटा चरणमा हालसम्म करिब गरेर ६० प्रतिशत भौतिक प्रगति भइसकेको छ ।"

मूल नहर निर्माणअन्तर्गत जग्गा अधिग्रहण, ऐलानी र सुकुम्बासी जग्गाको विवादका साथै केही स्थानमा रुख कटानको समस्या रहेको बरालले बताए । "यो वर्ष मुआब्जासहित आयोजनाको बजेट रु दुई अर्ब रहेको छ", उनले भने-"मुआब्जा वितरण हुन नसक्दा केही रकम खर्च हुनसक्ने अवस्था छैन भने काम पनि प्रभावित बन्दै गएको छ ।"

विसं २०८७ सम्ममा कैलालीको मालाखेतीसम्म नहर निर्माण सक्ने सरकारको लक्ष्य छ । साथै आयोजनामा रु नौ अर्ब लगानी भइसकेको छ । टनकपुरमा हेड रेगुलेटरसँगै भारतीय पक्षमा ढिला गरी एक हजार २०० मिटर मूल नहर बनेपछि नेपालतर्फ केही समय परीक्षण र असार १५ गते धान दिवसमा पानी छाडिएको थियो ।

कञ्चनपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दिनेश मल्लले सिँचाइ तेस्रो चरणअन्तर्गत मूल नहरमा पानी ल्याएर किसानलाई सिँचाइ सुविधा पुर्‍याउन सरकारी संयन्त्रबाट सकारात्मक पहल हुनुपर्नेमा जोड दिए । "अर्बौंको लगानीमा नहर खन्ने तर महाकालीबाट पानी ल्याउन छिमेकी राष्ट्रसँग कूटनीतिक पहल गर्न ढिलाइ गर्नुहुँदैन", उनले भने-"हालै बनेको नयाँ सरकारले यो विषय टुङ्गोमा पुर्‍याउने र समस्या समाधान हुनेमा हामी आशावादी छौँ ।"

अध्यक्ष मल्लले कञ्चनपुरमा खासगरी राजमार्गभन्दा उत्तरतर्फ सिँचाइको समस्या बढी रहेकाले नहर पूर्ण भएसँगै उक्त समस्या समाधान हुने विश्वास व्यक्त गरे । "सिँचाइ सुविधा पुगेर उत्पादनमा वृद्धि भए अर्थतन्त्रमा पनि बल पुग्छ", उनले भने-"महाकाली सिँचाइ आयोजनामार्फत् किसानलाई सिँचाइ सुविधा प्रदान गर्नेगरी सहज र प्रभावकारी वातावरण बन्नुपर्छ ।"

# गाउँमा आएन डीपबोरिङमा पानी



तुलसीपुर । दाङको तुलसीपुरस्थित बबई लिफ्टिङ खानेपानीअन्तर्गत ६ डिपबोरिङ निर्माण गर्ने गरी योजना तयार गरिएको थियो । योजनाअनुसार तुलसीपुरको गोलौरा, सन्तनिरंकारी भवन नजिक, खानेपानी संस्थाको कार्यालय परिसर, हालको यातायात कार्यालय नजिक, इन्द्रनगर र साबिक अञ्चल प्रहरी कार्यालय गरी ६ स्थानमा डिपबोरिङ निर्माण गर्नुपर्ने थियो ।

योजनाअनुसार पानी आएन । एउटा बोरिङबाट १० लिटर प्रतिसेकेन्ड पानी आउनुपर्नेमा दुई लिटर प्रतिसेकेन्ड पानी नआएपछि ती स्थानका डिपबोरिङ अन्यत्र सारिएका छन् । पद्ढामा तीन र बबई नदीको किनारमा दुई डिपबोरिङ स्थानान्तरण गरिएको तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका कोषाध्यक्ष भोलाप्रसाद थापाले बताए ।

"हामीलाई १० लिटर प्रतिसेकेन्ड भन्दा बढी पानी चाहिने हो", उनले भने-"तर डिजाइन अनुसारका बोरिङमा दुई लिटर प्रति सेकेन्डसम्म नआउने भयो । त्यसैले हामीले पद्ढा र बबइ नदीमा डिपबोरिङ खन्यौँ ।"

अबको केही समयमा त्यहाँको पानी तुलसीपुर ल्याउन तयारी छ । बबईमा डिपबोरिङ खनेसँगै डिजाइन परिवर्तन गरी पम्पिङबाट पानी ल्याउनुपर्ने छ । त्यसका लागि अहिले पम्प खरिद गरेर ल्याउँदा करिब तीन/चार महिना लाग्न सक्ने उनले बताए । त्यहाँबाट ९० लिटर प्रति सेकेन्डभन्दा बढी पानी ल्याउने तयारी छ ।

तीन सम्वेलनसहितबाट बबईको पानी तुलसीपुर ल्याइने छ । अन्य संरचना तयार भइसकेका छन् । पद्ढामा निर्माण भएका तीन बोरिङबाट भने नयाँ वर्षभित्रै पानी ल्याउने तयारी रहेको आयोजनाका प्रोजेक्ट म्यानेजर हरेन्द्र भट्टले बताए । जहाँबाट २४ लिटर प्रतिसेकेन्ड पानी ल्याउने तयारी छ । त्यहाँबाट ल्याएको पानी डुम्रीगाउँको ट्याङ्कीबाट वितरण गरिनेछ ।

खानेपानीका पाइप विस्तारको काम लगभग अन्तिम चरणमा छ । रक्षाचौर क्षेत्रमा स्थानीयले विवाद गरेकाले मात्रै त्यहाँ विस्तार हुन सकेको छैन । त्योबाहेक सबै क्षेत्रमा विस्तार भइसकेको छ । पानी शुद्धिकरणका लागि बबईमा र्‍यापिड स्यान्ड फिल्टर, डिप बोरिङ भएका स्थानमा मल्टि ग्रेड प्रेसर फिल्टर निर्माण भएका छन् । सीतलपुरमा आरभिटी कलेक्सन चेम्बर ५०० घन मिटर, इन्टर मिडियट आरभिटी टकी संतनिरङकारी नेर ३०० घनमिटर, प्रदेश प्रहरी कार्यालय नजिक इन्टर मिडियट आरभिटि ३०० घन मिटर बन्ने, झुमरेमा ५०० घनमिटर र डुम्रीगाउँमा ६०० घनमेटिरका ट्याङ्की बनेका छन् ।

शिखर कोलेनीमा ४५० घनमिटर, मोतिपुरमा २२५ घनमिटर, इन्द्रनगरमा ४५० मिटर घनमिटर ओभरहेड ट्याङ्की निर्माण भएका छन् । डुम्रीगाउँमा ६०० घनमिटर र खानेपानी कार्यालय परिसरमा ३०० घनमिटर अन्डरग्राउन्ड ट्याङ्की निर्माण भएका छन् । प्रशारण पाइप लाइन २८.३१५ किलोमिटर हुनेछ, भने पानी वितरण पाइप १२५.७५२ किलोमिटर रहेको छ । त्यस्तै सात वटा सुरक्षागार्ड हाउस र १० वटा पम्प हाउस निर्माण भएका छन् । एक वर्षअघि सक्नुपर्ने उक्त आयोजनाको काम पूरा नभएपछि पुनः २०८३ असारसम्म म्याद थप गरी काम अगाडि बढाइएको थियो ।

तुलसीपुर खानेपानीका अहिलेसम्म १० हजार बढी धारा रहेका छन् । अहिले खानेपानीको हाहाकार हुनेगर्छ । पानी पुर्‍याउनै समस्या हुने गर्छ । त्यसले गर्दा बबईको पानी आएमा त्यो समस्या हल हुने संस्थाका कोषाध्यक्ष थापाले बताए । हाल तुलसीपुर खानेपानीका मुलकोट, राम्री, चिसापानी, धैरनी, बाख्रे, छरछरे, पहर र लाहुरेचौर गरी आठ वटा ग्राभेटी मुहान छन् ।

कार्यालय परिसरमा डिपबोरिङ, डुम्रीगाउँ, रजौरा, एयरपोर्ट, साविक अञ्चल प्रहरी कार्यालय परिसर, खर्चवा, झुमरे, रेडक्रस परिसरमा भूमिगत मुहान स्रोत रहेका छन् । रानीजरुवा, पातुखोला र रानीघाटमा सम्पवेल मुहान रहेका छन् । रु ५६ करोड ८० लाख २४ हजार ६३० लागतमा बबई लिफ्टिङको काम अघि बढेको हो । नेपाल सरकारको ७० प्रतिशत अनुदान तथा उपभोक्ताको ३० प्रतिशत लगानीमा खानेपानी आयोजनाको काम बढेको हो ।

यसमा सरकारले रु ३८ करोड ८३ लाख र उपभोक्ताको रु १७ करोड सात लाख लाग्छ । अहिले उपभोक्ताको तर्फबाट अहिले पाँच प्रतिशत र बाँकी २५ प्रतिशत नगर विकास समितिबाट ऋण ल्याएर काम अघि बढाइएको छ । नगर विकास समितिबाट रु १४ करोड २२ लाख ऋण लिएको र बाँकी रु दुई करोड ८४ लाख उपभोक्ताले तिरेका छन् ।

### संसदको...

प्रतिनिधिसभाको पहिलो बैठकलाई सम्बोधन गर्दै उनले यस्तो माग गरेका हुन् । 'म यहाँ मनको कथा राख्न चाहन्नँ । हामी के गरिरहेका छौं, भोलि के गर्नुपर्छ भन्नेबारे जनताका मागहरू भन्न चाहन्छु,' उनले भने-'देशको स्वाधिनता र असंलग्न परराष्ट्र नीतिलाई बचाइ राख्न सैन्य रणनीति उद्देश्यका साथ सुरु गरिएको असमान राष्ट्रघाती व्यापारिक सन्धी एमसीसी खारेज गर्नुपर्छ भनेर माग गर्दछु ।'

साम्पाङले वृद्ध भत्ता, विद्यार्थी संगठन, ब्रिजकोर्स जस्ता सम्बन्धमा गरिएको निर्णय पुनर्विचार गर्न आग्रह गरेका छन् ।

राम्रोसँग अध्ययन नगरी हतारहतार सरकारले ल्याएका कार्यक्रमहरू लागु गर्न नहुने उनले बताए ।

कुनै पनि निर्णय गर्नुअघि प्रतिपक्ष लगायत सबै पक्षको उचित सल्लाह लिएर सरकार अघि बढे निर्णय गर्दै पछि हट्नुपर्ने नियतिबाट सरकार बच्न सक्ने उनले बताए ।

उनले भने-'वृद्ध भत्ता, विद्यार्थी संगठन, ब्रिजकोर्स जस्ता सम्बन्धमा गरिएको निर्णय पुनर्विचार गरियोस् । वृद्ध भत्ता समयको मापदण्ड फेरबदल गर्ने कुरा आएको छ । कार्यसूचीमा त्यस्ता कुरामा सरकारले ध्यान दिएर अगाडि बढ्दा राम्रो हुन्छ ।'

राप्रपाका प्रमुख समेतक ज्ञानेन्द्र शाहीले राजसंस्था पुनर्स्थापनबारे गम्भीर विमर्शको माग गरे । उनले जेनजी घटनाको निष्पक्ष छानबिन गरेर दोषीलाई कारबाहीको माग गरेका छन् । उनले प्रदेश संरचना खारेज गर्न वर्तमान सरकारलाई दुई तिहाइ बहुमत पुर्‍याउन आफ्नो दल तयार रहेको पनि बताएका छन् ।

बिहीबारको प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै शाहीले अनावश्यक प्रदेश संरचना सञ्चालनका लागि वार्षिक १ खर्ब रकम खर्च भइरहेको बताएका हुन् । 'देशमा ८८४ जना सांसद छौं । प्रदेश संरचना पाल्न १ खर्ब खर्च हुने अवस्था छ । राजनीतिक दलका कार्यकर्ता सेटल्मेन्ट गर्न ल्याइएको प्रदेश संरचना यही संसद्बाट यही सरकारले खारेज गर्छ भने दुई तिहाइ बहुमत पुर्‍याउन १८४ चाहिन्छ १८७ हामी पुर्‍याउँछौं ।'- उनले भने । शाहीले बालेन्द्र शाह नेतृत्वको सरकारलाई आशाको दियो बन्न सुझाव दिएका छन् । शाहीले डँढेलो बन्न खोजेमा भने निभाउने सामर्थ्य राख्ने चेतावनी दिएका छन् ।

'विगतका कमजोरी नदोहोरियोस्, जनताका आवाज सुन्ने शासन सञ्चालन होस्,' शाहीले भने- 'सत्ता सञ्चालनको संयन्त्र मात्र नभई जनताको आशा, भरोसा र भविष्यको दियो बनोस् ।' त्यो दियो जोगाउने आफ्नो परम कर्तव्य रहेको उनले बताए । 'हामी जोगाउँछौँ । तर दियो डँढेलोमा परिणत नहोस्, यदि त्यो दियो डँढेलो दियो बन्ने कोसिस गर्छ भने हेक्का रहोस् त्यसलाई नियन्त्रण गर्ने, त्यसलाई निभाउने साहस हामीले राख्नुपर्छ । र, राख्छौँ पनि ।'- शाहीले भने ।

सरकारलाई आवश्यक परेको बेला राप्रपा दुई तिहाइ अंक जुटाउन पनि मद्दत गर्ने शाहीले बताए । सरकारले प्रदेश खारेज र संवैधानिक राजतन्त्रसहित संविधान संशोधन गर्ने भए आफूहरू सहयोग गर्न तयार रहेको उनले बताएका हुन् । रास्वपा सभापति रवि लामिछानेले अब संख्याकै बलमा प्रतिशोध र अत्याचार नहुने बताएका छन् । प्रतिनिधिसभाको पहिलो बैठकलाई सम्बोधन गर्ने क्रममा उनले आस्थाकै आधारमा अब कसैलाई पनि फरक व्यवहार नहुने बताए ।

'हिजो आफ्नालाई बचाउन र विपक्षीलाई फसाउन कानुन नै संशोधन गरिएको छ । र अध्यादेश पनि ल्याइएको छ,' लामिछानेले भने-'त्यस्ता गलत क्रियाकलाप यथाशिघ्र सच्याइनेछ । प्रतिपक्षीमाथि अहंकार र प्रतिशोधको त्यो अध्याय अब दोहोरिने छैन । आस्थाका आधारमा फरक व्यवहार अब दोहोरिने छैन ।' साथै, अन्यायपूर्वक विधि नै मिचेर कसैको माइक नकाटिने उनले बताए । 'अब अन्यायपूर्वक विधि नै मिचेर सुन्न मन लागेका कुरा नसुनौं भनेर कसैको माइक काटिने छैन । संसदीय समितिमा संख्याकै बलमा प्रतिशोध र अत्याचार हुने छैन ।'- लामिछानेको प्रतिबद्धता छ ।

तर, यी सबै काम अघि बढाउँदै गर्दा सुशासनको वेग भने नरोकिने उनको भनाइ छ । 'तर सुशासनको वेग भने रोकिने छैन । न्याय माग्ने पहिलो हक शहीदकी आमाको हो । यसलाई प्रतिशोध भन्न पाइने छैन ।'- लामिछानेले भने ।

लामिछानेले एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता रमेश लेखक पक्राउको विषयमा भएको विरोधप्रति जवाफ फर्काएका छन् । उनले न्याय पाउने पहिलो हक शहीदकी आमाको भएको बताएका हुन् ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा ज्यान गुमाएकाहरूलाई स्मरण गर्दै लामिछानेले भने-'न्याय पाउने पहिलो हक शहीदकी आमाको हो यसलाई प्रतिशोधन भन्न पाइने छैन ।' उनले विधिको पालना गर्न विपक्षी दलहरूलाई पनि आग्रह गरे ।

त्यस्तै उनले सत्ता छाड्न परेपछि विदेशी चलखेल भनेर गरिने भाषण अब नहुने बताए । यसअघि सत्तामा रहेका दलहरूलाई लक्षित गर्दै उनले भने-'सत्ता छाड्न परेपछि विदेशी चलखेल भन्ने खेल अब हुनेछैन । पारदर्शी परराष्ट्र नीति अब हुनेछ । यसले पहिले राष्ट्रहित सुनिश्चित हुनेछ ।' उनले स्वदेशी तथा विदेशी लगानीकर्तालाई नेपालमा पारदर्शीता र सुरक्षाको ग्यारेन्टी पनि गरे ।

### सरकारी...

अहिले देशभर क, ख र ग वर्गका गरी आठ सयभन्दा बढी राष्ट्रिय दैनिक र स्थानीय सञ्चारमाध्यमहरू सञ्चालनमा छन् ।

सरकारी विज्ञापनले यी मिडियाहरूलाई धानिन ठूलो मद्दत पुर्‍याएको थियो । एकातिर सरकारले रोजगारी बढाउने राजनीतिक नारा दिने, अर्कोतिर निजी मिडिया र विज्ञापन एजेन्सीले दिएको हजारौँ रोजगारी खोसिने गरी निर्णय गर्ने प्रवृत्तिले व्यवसायीहरू मारमा परेका छन् । यदि यो निर्णय सच्याइएन भने धेरै सञ्चार गृह र एजेन्सीहरू बन्द हुने अवस्थामा पुग्नेछन् ।

यस निर्णयलाई प्रेस स्वतन्त्रतासँग जोडेर पनि हेरिएको छ । सरकारले निजी मिडियालाई बन्द गर नभने पनि सरकारी विज्ञापनमा आश्रित मिडियालाई आर्थिक रूपमा कमजोर बनाएर घुमाउरो पाराले नियन्त्रण गर्न खोजेको देखिन्छ ।

यद्यपि, यो निजी क्षेत्रका लागि एउटा चुनौती र अवसर पनि हो । निजी क्षेत्रका सञ्चारमाध्यमले आफ्नो प्रभावकारिता पुष्टि गर्नुपर्ने बेला आएको छ कि उनीहरू बिना सरकारी सूचना र सञ्चार आम जनतासम्म पुग्न सक्दैन ।

विगतमा नेपाल टेलिभिजन जस्ता सरकारी माध्यमहरूलाई विज्ञापनरहित बनाउने चर्चा भए पनि अहिले सबै कुरा सरकार आफैँले चलाउने गरी आएको यो नीतिगत परिवर्तनले सफलता पाउन कठिन देखिन्छ । सरोकारवालाहरूसँग कुनै छलफल नगरी हठात् आएको यो परिपत्र नियतवश हो कि भन्ने आशंका उब्जिएको छ । विज्ञापन एजेन्सी र सञ्चार उद्यमीहरूले पहिलो चरणमा सरकारसँग वार्ता गरी यसलाई सच्याउन आग्रह गर्नुपर्छ । यदि सरकारले आफ्ना मागहरू नसुनेमा र निजी क्षेत्रको हक अधिकार कुण्ठित गरिरहेमा, आफ्नो व्यवसाय र कर्मचारीको रोजगारी रक्षाका लागि हामी कडा कदम चाल्ने छौं ।'

**श्री कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको**

**मुद्दा नं. ०८१-८४-०३९७ मुद्दाः जालसाजी । फाँटः सामान्य ४ (क)**

जिल्ला रुपन्देही बुटवल नगरपालिका वडा नं. ८ हाल परिवर्तित बुटवल उपमहानगरपालिका वडा ५ अमरपथ बस्ने मान बहादुर आत्रेयको नाती ओमराज आत्रेयको छोरा अं. वर्ष ३८ को विक आत्रेयको नाउँमा जारी भएको २१ (एक्काईस) दिने म्याद सुचना..........।

वादी जिल्ला कपिलवस्तु वाणगंगा न.पा. वडा नं. २ मौजा तिनुईया बस्ने संरक्षक समेत कुमारी चौधरी थारू र प्रतिवादी ऐ.ऐ.बस्ने रामशरण चौधरी समेत भएको जालसाजी मुद्दामा यस अदालतबाट विकास आत्रेयको नाममा जारी भएको म्याद मिति २०८२ ।०५ । ०१ मा बेपत्ते तामेली भई मिति २०८२।११।१२ गतेको आदेशले बदर भएको हुँदा तपाईंको नाममा यो म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद २१(एक्काइस) दिनभित्र भए सबुत प्रमाण लिई अदालत खुलेको समयमा आफैं तथा कानून बमोजिमको प्रतिनिधि मार्फत प्रतिउत्तरपत्र लिई यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।

**ईति संवत् २०८२ साल चैत्र १५ गते रोज १ मा शुभम्...**

**श्री कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको सूचना**

**मुद्दा नं: ०८१-CP- १२९८ मुद्दाः राजिनामा लिखत दर्ता बदर हक कायम । फाँटः सामान्य ४ (क)**

जिल्ला रुपन्देही बुटवल नगरपालिका वडा नं. ८ हाल परिवर्तित बुटवल उपमहानगरपालिका वडा नं ५ अमरपथ बस्ने मानबहादुर आत्रेयको नाती ओमराज आत्रेयको छोरा अं. वर्ष ३८ को विकास आत्रेयको नाउँमा जारी भएको २१ (एक्काईस) दिने म्याद सूचना............ ।

वादी जिल्ला कपिलवस्तु वाणगंगा न.पा. वडा नं. २ मौजा तिनुईया बस्ने संरक्षक समेत साधना कुमारी चौधरी थारू र प्रतिवादी ऐ. ऐ. बस्ने रामशरण चौधरी समेत भएको राजीनामा लिखत दर्ता बदर हक कायम मुद्दामा यस अदालतबाट प्रतिवादी विकास आत्रेयको नाममा जारी भएको म्याद मिति २०६२।०५।०१ मा बेपत्ते तामेली भई मिति २०८२/११/१२ गतेको आदेशले बदर भएको हुँदा तपाईंको नाउमा यो म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ ( एक्काइस) दिनभित्र भए सबुत प्रमाण लिई अदालत खुलेको समयमा आफै तथा कानून बमोजिमको प्रतिनिधि मार्फत प्रतिउत्तरपत्र लिई यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।

**इति संवत् २०८२ साल चैत्र १५ गते रोज १ मा शुभम् ....**

# विनयी त्रिवेणी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

नवलपरासी(बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश,

नेपाल स्था : २०७३

## बोलपत्र स्वीकृत गर्नेको आयशको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/१२/२०

यस कार्यालयबाट विभिन्न मितिमा तपशिल बमोजिम कार्यको लागि आवहान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

तपशिलः

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| ०१ | 27/BTRM/NCB/Goods/2082-083 | Procurement of Turmeric Rhizomes ( बिसारको बीउ) | Sharada Agro Company Pvt. Ltd., Salyan Nepal | रु. २०,८४,७०० |

प्रमुख प्रशासकीय अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३



तोरीबाली भित्र्याउँदै

दाङको घोराही उप-महानगरपालिका-१७ कर्जाहीका किसान थ्रेसरको सहायताले तोरीबाली भित्र्याउँदै । तस्विर : रञ्जिता अधिकारी/ रासस

# ‘जे सिक्स टी’ ईभी कारमा २ लाख छुट, चार फिचर चेन्ज’



बुटवल । चेरी मोटर ग्रुपको न्यू इनर्जी भेहिकल ब्राण्ड जेकोले ढेड वर्ष अगाडि नेपाल ल्याएको ‘जे सिक्स’ एसयूभी अपग्रेड भएर आएको छ । नामको पछाडि टी थपेर अघिल्लो साताबाट बिक्री सुरु भएको ‘जे सिक्स टी’ एसयूभी निकै सार्प लुक्समा तयार भएको बुटवल र भैरहवाको आधिकारिक शोरुमका प्रबन्धक राजीव खनालले बताए ।

ओमोडा/जेकोको लागि नेपालको आधिकारिक बिक्रेता एसपीजी अटोमोबाइलले यसको मूल्य ६८ लाख ९९ हजार तोकेको छ । तर, केही समयको लागि इन्टोडक्टरी प्राइस भन्दै २ लाख छुट दिएर मूल्य कायम गरेको छ । अहिले किन्नेले ६६ लाख ९९ हजारमै जे सिक्स टी पाउने खनालले बताए । पछिल्लो ढेड वर्षदेखि नेपाली सडकमा दौडिरहेको जे सिक्सको तुलनामा जे सिक्स टीमा चार फिचर परिवर्तन भएर आएको खनालले बताए ।

इन्टेरियरमा परिवर्तन यसअघि बजारमा उपलब्ध जे सिक्सको तुलनामा ६ एमएमले यसको चौडाइ बढेको छ । पहिलेभन्दा साइज नै ठूलो भयो । यसको लम्बाइ र उचाइमा भने परिवर्तन छैन । ह्वीलमा परिवर्तन र ग्राउण्ड क्लियरेन्समा वृद्धि जेकोले आफ्नो सफल एसयूभीको ह्वील डिजाइन परिवर्तन गरेको छ । कम्पनी यसअघिको तुलनामा २५ एमएम बढी ग्राउण्ड क्लियरेन्स दिएर जे सिक्स टीलाई बजारमा ल्याएको छ । खराब बाटोको कारण हैरानीमा पर्ने उपभोक्ताको रोजाइमा पर्नेगरी जे सिक्स टी आएको छ ।

यो नेपालमा उपलब्ध विद्युतीय एसयूभी मध्य सबैभन्दा धेरै ग्राउण्ड क्लियरेन्स भएको मोडल पनि हो । बाहिरी डिजाइन नै फरक जेको जे सिक्सको अधिकांश स्थानमा ‘आइ’ ब्राण्डिङ गरिएको थियो । अहिले कम्पनीले त्यसलाई फेरेको छ । नयाँ जे सिक्स टी निकै उत्कृष्ट ‘फिट एण्ड फिनिस’मा पाउन सकिन्छ । पछाडिको टेल सेक्सनमा पनि परिवर्तन भएको छ । पहिलेको ठूलो र भद्दा लाग्ने गरी पछाडि ढोकामा झुन्डाइएको ‘स्टोरेज’ पनि परिवर्तन भएको छ । स्टेयरिङ ह्वील पनि फेरियो यसअघि प्रयोग भएको स्टेयरिङ ह्वील परिमार्जन भएको छ । यसअघिको अलि सानो र तुलनात्मक रूपमा अफ्ठ्यारो लाग्ने उपभोक्ताको गुनासो थियो । कम्पनीले त्यसलाई फेरेर आइकारकै जस्तो लाग्ने थ्री स्पोक स्टेयरिङ ह्वील दिएको छ ।

ब्याट्री र मोटरमा छैन परिवर्तन कम्पनीले गाडीको धेरै कुरा परिमार्जन गरे पनि १३० किलोवाटको मोटर र ६५.६९ किलोवाट आवरको सीएटीएलले उत्पादन गरेको एलएफपी ब्याट्री दिएको छ । कम्पनीको दाबी अनुसार यसको रेन्ज ४३१ किलोमिटरसम्म आउने छ । जुन पहिलेभन्दा केही बढी हो । जेको जे सिक्स टी १३० किलोवाटको डिसी चार्जर र ६.६ किलोवाटको एसी चार्जर सपोर्ट गर्नेगरी बजारमा आएको छ ।

६६ लाख ९९ हजार रुपैयाँमा अहिले जे सिक्स टी बिक्री थालेको छ । बैंकहरूले ६ प्रतिशतभन्दा पनि कम ब्याजदरमा अटोकर्जा दिइरहेको समयमा जे सिक्स टी किन्दा मासिक ५९ हजार हाराहारी किस्ता तिर्दा पुग्छ । बैंकहरूले ७ वर्षको लागि कर्जा दिने र मूल्यको ४० प्रतिशतले हुन आउने २६ लाख ७९ हजार ६०० रुपैयाँ सुरुमै तिर्दा बाँकी रकम ८४ किस्तामा मासिक ५९ हजार हाराहारी तिर्दा पुग्छ ।

# मानसिक रोगीको उपचारमा जुटेका पाण्डे



**लव कुमार अधिकारी**

*प्यूठान*

समाजमा अरूको पीडालाई आफ्नै ठानेर सहयोगको हात बढाउने मानिसहरू कमै भेटिन्छन् । तर प्यूठानको ऐरावती गाउँपालिका-६ बैरेनीका युवा समाजसेवी तथा सञ्चारउद्यमी अनुपराज पाण्डे यतिबेला यस्तै उदाहरणीय कामका कारण चर्चा बटुलिरहेका छन् ।

लामो समयदेखि शारीरिक तथा मानसिक समस्याबाट पीडित ३१ वर्षीय हरि पौडेललाई समाजसेवी पाण्डेले उद्धार गरेका छन् । आर्थिक अवस्था कमजोर भएका कारण उपचार नगरी घरमै बसेका पौडेललाई आर्थिक संकलन गरी स्वास्थ्य उपचारका लागि पाण्डेले ‘हरि पौडेल बचाउ अभियान’ सञ्चालन गर्दै सहयोग जुटाउने पहल गरेका हुन् । पौडेल हाल काठमाडौंस्थित पाटन अस्पतालमा उपचाररत छन् ।

पाण्डेका अनुसार अहिलेसम्म करिब एक सय जना सहयोगी दाताहरुबाट २ लाख ८० हजार रुपैयाँ संकलन भइसकेको छ ।

‘यही सहयोग लिएर उनी चैत्र ८ गते पहिलो पटक काठमाडौं पुगेका थिए, मेरो उमेरका धेरै साथीहरू काठमाडौं जाने भनेको पढाइ वा वैदेशिक रोजगारीका लागि मात्र हो,’ उनले भने-‘तर म गाउँमै बसेर यस्ता अभियान चलाउँदै आएको छु ।’ यस मानवीय कार्यमा सहयोग गरेका प्यूठानका सहयोगी दाताहरु समेतलाई पाण्डेले धन्यवाद दिएका छन् ।

हरि पौडेलको पारिवारिक अवस्था निकै कमजोर छ । पौडेल हालसम्म अविवाहित छन् । उनका दाइ गोबिन्द पौडेलको नौ वर्षीय छोरा हेमन्त पौडेल पनि अटिजमबाट पीडित छन् ।

पाटन मानसिक अस्पतालले हरि पौडेललाई अझै करिब एक महिना अस्पतालमै राखेर उपचार गर्नुपर्ने जनाएको छ । नियमित उपचार र सहयोगीहरूको साथले उनको स्वास्थ्यमा क्रमिक सुधार देखिएको पाण्डेले जानकारी दिए ।

गाउँमै बसेर सामाजिक अभियानहरू सञ्चालन गर्दै आएका पाण्डेले यसअघि उनले बिक्रम राउत बचाऔँ अभियान, घनबहादुर थापालाई सहयोग गरौं अभियान, रमा रायमाझीलाई सहयोग गरौं अभियान, हुमबहादुर थापालाई बचाऔँ अभियान, ऐरावतीमा न्यानो कपडा वितरण अभियान र हरि पौडेलको परिवारलाई सहयोग गरौं अभियानहरु सञ्चालन गरिसकेको बताए ।

उनको यो पहलले परिवारलाई राहत दिएको मात्र होइन समाजमा सहयोग र सहकार्यको भावना पनि थप बलियो बनाएको छ ।

# भ्रष्टाचार भए कार्यालय प्रमुख जिम्मेवार



बुटवल । सरकारले, कुनै पनि निकाय वा कार्यालयमा भ्रष्टाचार, मोलाहिजा वा अनियमितता भएमा सम्बन्धित निकायको प्रमुख अनि मन्त्रालयको सचिवलाई नै जिम्मेवारी बनाउने चेतावनी दिएको छ ।

प्रधानमन्त्री बालेन शाहको निर्देशनमा मुख्यसचिव सुमनराज अर्यालले सबै सचिवहरूलाई भ्रष्टाचार नियन्त्रणको काम प्राथमिकतामा राख्न परिपत्र गरेका हुन् ।

मुख्यसचिव अर्यालले बिहीबार एक परिपत्र जारी गरी भ्रष्टाचारको अन्थ्य गर्ने सरकारको प्रतिबद्धतालाई स्मरण गराएका हुन् ।

सार्वजनिक निकायहरुमा हुने नीतिगत, संस्थागत र प्रक्रियागतलगायत सबै भ्रष्टाचार अन्त्य गरी सुशासन स्थापना सरकारको प्राथमिकता रहेको भन्दै उनले सचिवहरुलाई त्यसको कार्यान्वयन गर्न भनेका हुन् ।

मुख्यसचिवले जारी गरेको परिपत्रमा भनिएको छ, ‘मन्त्रालय-आयोग-कार्यालय र मातहतका निकायबाट हुने सेवा प्रवाह, विकास निर्माण, राजस्व प्रशासन, ठेक्का तथा खरिद प्रक्रियामा सार्वजनिक पद तथा अधिकारको दुरुपयोग गरी हुने गरेका भ्रष्टाचारको अन्त्य गरी नागरिकले अनुभूति गर्ने स्तरमा सुशासन र सदाचार कायम गर्न सम्बन्धित सबै निकायले आवश्यक पहलकदमी लिन आवश्यक छ ।’

आफू मातहतका निकायमा हुनसक्ने भ्रष्टाचार र अनियमितताका घटनामाथि निगरानी राख्न निर्देशन दिँदै मुख्यसचिव अर्यालले त्यसको कुनै सूचना पाउनासाथ सम्बन्धित निकायमा पठाउन भनेका छन् ।

त्यसका साथै कुनै निकायमा अनियमितता वा भ्रष्टाचार भएको भेटिए निकाय वा कार्यान्वयन प्रमुखलाई नै प्रारम्भिक रुपमा जिम्मेवार बनाउने चेतावनी समेत दिएका छन् ।

मुख्यसचिव अर्यालले आर्थिक अनियमितता, भ्रष्टाचार रोकथाम र नियन्त्रणका नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत सुधारका सुझावहरु पठाउन पनि अनुरोध गरेका छन् ।

# रूपन्देही सुपरलिगमा बुद्ध क्रिकेट क्लब ५ विकेटले विजयी




भैरहवा । २४औं संस्करणको रुपन्देही सुपरलिग एक दिवसीय क्रिकेट प्रतियोगिता अन्तर्गत ‘बी’ डिभिजनको बिहीबारको खेलमा बुद्ध क्रिकेट क्लबले सहज जित हात पारेको छ । उसले शंकरनगर क्रिकेट क्लबलाई ५ विकेटले पराजित गर्दै जित निकालेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको शंकरनगरले ३० ओभर ४ बलमा सबै विकेट गुमाएर जम्मा ८३ रनको झिनो योगफल बनायो । उसलाई सस्तैमा रोक्न बलिङमा बुद्धका नितेश पटेलले ४, अजय त्रिपाठीले २, सुरज गुरुङ, प्रवेज आलम अन्सारी र हरिकेष मुराउले समान १-१ विकेट लिए । शंकरनगरका रुपेश बस्यालले २१ र सुशान्त सुवेदीले १५ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् ।

जवाफी ब्याटिङ गरेको बुद्धले १४ ओभर १ बलमा ५ विकेट गुमाएर ८५ रन बनाउँदै सहजै जित हात पार्यो । उसको जितमा सुरज पौडेलले २२, अमित अग्रहरिले २१ र अनुज चौहानले अविजित १७ रनको योगदान गरे । बलिङमा शंकरनगरका शिशिर लुईंटेलले ३ तथा विपिन भट्टराई र रुपेश बस्यालले १-१ विकेट लिए । खेलमा नितेश पटेल प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद एक लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएका छन् ।

यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले समान पाँच हजार रुपैयाँ प्राप्त गर्ने छन् । यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ पाउने खेल संयोजक प्रथम पराजुलीले बताए । प्रतियोगिताको विजेता पुरस्कार माउण्ट एभरेष्ट कत्था मिल, उप-विजेता पुरस्कार विके ज्वेलर्स, भैरहवा, म्यान अफ द म्याचको पुरस्कार सिद्धार्थ उद्योग बाणिज्य संघले प्रायोजन गरेको छन् ।

यस्तै, म्यान अफ द सिरिजको पुरस्कार होटल स्टार होलिडे, बेस्ट व्याटर र बलरको पुरस्कार युवा व्यवसायी रविकुमार रौनियार, उदयीमान खेलाडीको पुरस्कार प्रतीक ट्रेड लिंक र म्याच अवधिभर बलको प्रायोजन व्यवसायी अमित गुप्ताले गरेका छन् । प्रतियोगितामा ‘ए’ र ‘बी’ डिभिजन गरी २० टीमको सहभागिता छ ।

# सिफलिसका १९० नयाँ बिरामी भेटिए



नेपालगञ्ज । नेपालगञ्जस्थित भेरी अस्पतालमा एक सय ९० नयाँ भिरिङ्गी (सिफलिस) का बिरामी फेला परेका छन् । अस्पतालमा सञ्चालन भइरहेको सिफलिससम्बन्धी अनुसन्धानका क्रममा ती बिरामी फेला परेका हुन् ।

अस्पतालका छाला तथा यौन रोग विशेषज्ञ डा.बद्री चापागाईंका अनुसार फेला परेका बिरामीमध्ये केहीलाई तत्काल उपचार आवश्यक रहेको बताए । केही बिरामीले यसअघि उपचार गराइसकेका छन् । बिरामी मुख्यतः २० देखि ४० वर्ष उमेर समूहका रहेका छन् ।

“सिफलिसका बिरामी दैनिक रुपमा बढ्दै गएको पाइएको छ ।”- डा चापागाईंले भने । उनका अनुसार जन्मजात सङ्क्रमण भएका शिशुदेखि ६५ वर्षसम्मका व्यक्तिमा समेत सिफलिस सङ्क्रमण पुष्टि भएको पाइएको छ । केही अवस्थामा आमाबाट बच्चामा सङ्क्रमण सरेको समेत भेटिएको छ ।

भेरी अस्पतालले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन छाला तथा यौन रोग विभागअन्तर्गत ‘भेनस कर्नर’ स्थापना गरेको थियो । ‘भेनस कर्नर’ मा सिफलिससम्बन्धी परामर्श, परीक्षण तथा उपचार सेवा सुरक्षित, गोप्य र व्यवस्थित रूपमा निःशुल्क उपलब्ध गराइएको छ ।

डा. चापागाईंले सिफलिस सामाजिक व्यवहार, वैदेशिक रोजगारी, औषधिको अनियन्त्रित प्रयोग तथा नीतिगत कमजोरीसँग जोडिएको जटिल सार्वजनिक स्वास्थ्य समस्या भएको उल्लेख गरे । अस्पतालमा गरिएको सो अनुसन्धानले उपचार प्रक्रियामा देखिएका चुनौती, स्वास्थ्यकर्मीमा रहेको भ्रम तथा बिरामीले भोग्ने सामाजिक लाञ्छनाबारे तथ्यगत जानकारी प्रदान गर्ने अपेक्षा गरिएको छ ।

अस्पतालका अनुसार यौनाङ्गमा घाउ भएका १० भन्दा बढी बिरामी ‘रेकर्ड’मा समावेश छन् भने करिब ३० प्रतिशत बिरामी पुरानो सङ्क्रमण निको भए-नभएको जाँच गर्न अस्पताल पुगेका हुन् । भेरी अस्पतालमा सन् २०२६ जनवरीदेखि सुरु भएको सिफलिससम्बन्धी अनुसन्धान यस वर्षको डिसेम्बर अन्तिमसम्म जारी रहने अस्पतालले जनाएको छ ।

# कार्की आयोगको प्रतिवेदन अध्ययन गर्न कांग्रेसको छुट्टै समिति



बुटवल । नेपाली कांग्रेसले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन अध्ययन गरेर पार्टीलाई रायसुझाव दिन अध्ययन समिति गठन गरेको छ ।

पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले बिहीबार एक प्रेस विज्ञप्ति जारी गरेर वरिष्ठ अधिवक्ता यदुनाथ खनालको संयोजकत्वमा पाँच सदस्यीय अध्ययन समितिलाई पूर्णता दिएको जनाएका छन् ।

अध्ययन समितिको सदस्यमा पूर्व न्यायाधिश कृष्णप्रसाद पौडेल, अधिवक्ता विनोद कार्की, अधिवक्ता रामचन्द्र गौतम र युवा अभियन्ता यजश्वी राई छन् ।

यो समितिलाई कार्की आयोगको प्रतिवेदन अध्ययन गरी राय-सल्लाह-सुझावसहितको प्रतिवेदन सात दिन भित्र कांग्रेसको केन्द्रीय कार्यालयमा पेस गर्न जिम्मेवारी दिइएको छ ।

भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा भएका घटनाको जाँचबुझ गर्न पूर्ववती सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो ।

सो आयोगले फागुन २३ गते सरकारलाई प्रतिवेदन बुझाएको थियो । सो प्रतिवेदन सरकार आफैँले भने सार्वजनिक गरेको छैन । तर, सञ्चारमाध्यममार्फत् प्रतिवेदन भाइरल भइसकेको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com